# संघीय संसद

सूचनापत्र

२०७७ साल असार २५ गते

बिहीबार

समाजवादी पार्टीको समानुपातिक तर्फबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्य श्री सरिता गिरीले उक्त पार्टीको संसदीय दलले निर्णय गरी जारी गरेको निर्देशन (ह्वीप) उल्लंघन गरेको भनी पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले उहाँलाई पार्टीको विधानको धारा ५१ को उपधारा (५) र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम प्रतिनिधि सभा सदस्यबाट निष्काशन गर्ने निर्णय गरेकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम पदमुक्त गरिदिन सम्बन्धित दलका प्रमुख सचेतकबाट मिति २०७७/३/२४ गते पत्र प्राप्त भएको हुँदा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिमको आवश्यक प्रक्रिया पुरा गरेको देखिन आएकोले नेपालको संविधानको धारा ८९ बमोजिम माननीय सदस्य श्री सरिता गिरीको प्रतिनिधि सभा सदस्य पद एक रिक्त हुन आएको हुँदा सम्माननीय सभामुखज्यूबाट स्वीकृत भए अनुसार राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (२) बमोजिम जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव